# आर्थिक बर्ष २०७४/०७५ को बार्षिक नीति तथा कार्यक्रम, बजेट बक्तव्य

**लिखु गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**नुवाकोट**

**२०७४**

# लिखु गाउँ सभाको प्रथम बैठकमा २०७४ साल असार ३१ गते
# गाउँ कार्यपालिकाको तर्फबाट
# उपाध्यक्ष रोजिना राईले प्रस्तुत गर्नुभएको

# आर्थिक बर्ष २०७४/७५ को
# बार्षिक नीति तथा कार्यक्रम

लिखु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नुवाकोट
२०७४

# आ.व. २०७४।७५ का लागि गाउँ सभामा प्रस्तुत

# बार्षिक नीति तथा कार्यक्रम

श्रीमान् गाउँ सभाका अध्यक्षज्यू

नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राखी नेपालको संविधानले नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रुपमा पुनःसंरचना गर्ने सिलसिलामा सम्वत् २०७३ साल फागुन २७ गते मुलुकभर ७४४ वटा स्थानीय तहहरुको स्थापना भएको थियो । लिखुबासी जनताको चाहना, संघर्ष र प्रयासबाट लिखु गाउँपालिकाको एक स्थानीय तहको रुपमा स्थापना भएको हो । लिखु बासी जनताको सार्वभौम अधिकार, स्वायत्तता र स्वशासनको अधिकारलाई आत्मसात् गर्दै, गाउँपालिकाको अस्तित्व र समग्र हीतका लागि लिखु बासी जनताले गरेको संघर्षको स्मरण गर्दै, सार्वभौम सत्ता सम्पन्न नागरिकहरुको हक अधिकारको सम्मान गर्दै, समाजमा रहेका सबैप्रकारका विभेद र उत्पीडनको अन्त्य एवं बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त लिखु गाउँपालिकाको विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन , आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समतामूलक समाजको निर्माण गर्ने संकल्पका साथ जनमुखी, पारदर्शी, स्वच्छ र उत्तरदायी प्रशासनको सुनिश्चितता गर्दै लिखु गाउँपालिकालाई समृद्ध, वैभवशाली, आकर्षक र नमुना स्थानीय तहको रुपमा स्थापित गर्ने दिशामा गाउँ कार्यपालिका अगाडि बढिरहेको छ ।

आज सम्वत २०७४ साल असार ३१ गते म यस गाउँपालिकाको उपाध्यक्षको हैसियतले अध्यक्षज्यूको निर्देशन बमोजिम यस गरीमामय लिखु गाउँ सभामा लिखु गाउँपालिकाको पहिलो अधिवेशनमा गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न उभिएकी छु । यस गौरवपूर्ण क्षणमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका खातिर जनसंघर्ष, जनयुद्ध लगायतका संघर्षहरुमा जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति श्रद्धासुमन अर्पण गर्दछु र घाईतेहरु प्रति समेत सम्मान प्रकट गर्न चाहन्छु । लिखु गाउँपालिकाको स्थापनाको सिलसिलामा लिखु बासी जनताहरुबाट भएको संघर्ष र प्रयासको उच्च सम्मान गर्दै यस क्रममा घाईते हुनुभएका संघर्षशील नागरिकहरुप्रती समेत उच्च सम्मान व्यक्त गर्न चाहन्छु । स्थानीय तह निर्वाचन, २०७४ बाट विभिन्न पदमा निर्वाचित भई आउनुभएका पदाधिकारीज्यूहरुलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिन चाहन्छु । हामी निर्वाचित पदाधिकारीहरुले यस लिखु गाउँपालिकामा पद बहाली गर्ने तयारीकै समयमा हामीले एउटा दुख भोग्नु परको थियो । हाम्रो यस लिखु गाउँपालिका वडा नं. १ का लागि वडा सदस्य पदमा निर्वाचित हुनुभएका वडा सदस्य ठाकुर प्रसाद लामिछानेको असामयिक निधन भएको थियो। उहाँको निधनले हाम्रो गाउँपालिका परिवारलाई अपुरणीय क्षती पुगेको छ । स्वर्गीय ठाकुर प्रसाद लामिछानेको दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धान्जली व्यक्त गर्न चाहन्छु ।

तादी खोला र लिखु खोलाको संगमस्थलको उत्तर र दक्षिण तर्फ रहेका पहाडले घेरिएर रहेको समथर उर्वर भूभाग र पहाडी हावापानी रहेको यो गाउँपालिका हावापानीको दृष्टिले मात्र हैन ब्राम्हण, क्षेत्री, आदीबासीहरु घले, राई, मगर, नेवार, दलित लगायतका जातजातीको संयुक्त बास रहेको यो भूमी सांस्कृतिक दृष्टिले समेत विवधता र सम्भावनाले भरीपूर्ण रहेको छ । राजनीतिक प्रतिश्पर्धा र लोकतान्त्रिक अभ्यासबाट लिखु

गाउँपालिकाले एउटा स्थायित्वको दिशामा अग्रसर भैसकेको पृष्ठभूमिमा अव यस गाउँपालिकाको आर्थिक समृद्धि र सामाजिक विकास तर्फको यात्रा प्रारम्भ हुने आशा एवं विश्वास लिईएको छ ।

श्रीमान अध्यक्ष महोदय

अब म लिखु गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

१. नेपालको संविधान बमोजिम संघीयता कार्यान्वयनको सिलसिलामा संघीय सरकारबाट लिखु गाउँपालिका अन्तर्गत हस्तान्तरण भई आउने सरकारी निकाय, कार्यक्रम तथा कर्मचारीहरुको व्यवस्थापनलाई उचित प्राथमिकताका दिईने छ । यसै अनुरुप हस्तान्तरण भई आउने तथा हाल मौजुदा जनशक्तिबाट प्रभावकारी सेवा प्रवाहको लागि कर्मचारीको क्षमता  विकास गरिनेछ । स्थानीय तहमा नै “सिंहदरबारको” महसुस गराउन सरकारी निकायको पहुँच तथा संस्थागत सबलीकरणमा जोड दिईनेछ । आगामी आर्थिक बर्षलाई संविधान कार्यान्वयन र स्थानीय स्वायत्त शासनको प्रणाली विकासको बर्षको रुपमा लिईनेछ ।

२. जनताले अनुभूती गर्न सक्ने गरी विकासका प्रतिफल प्राप्त हुने खालका रणनीतिकरुपले महत्वपूर्ण र स्थायी संरचना विकास हुने खालका योजना तर्जुमा एवं प्राप्त स्रोतको एकीकृत परिचालन गरी विकासका ठूला एवं वहुबर्षिय आयोजना सन्चालनमा विशेष जोड दिईने छ ।

३. “एक वडा एक मुल सडक” को अवधारणा अनुरुप बस्तीलाई जोड्ने ग्रामिण सडक सन्जालको स्तर उन्नती गरी जनताको दैनिक जीबनशैलीलाई परिवर्तन गर्ने गरी यातायात सेवा, बाणिज्य सेवा, उपयोगी सेवा लगायतका सेवाहरुको पुनःनिर्माण र पुनःसंरचनाका माध्यमबाट आधुनिकीकरण तथा समृद्धिकरण गर्दै लगिनेछ ।

४.  अत्यावश्यक एवं उपयोगी सेवाहरुलाई व्यवस्थित गर्दै लैजाने र विकासका ठोस कार्यक्रम मार्फत जनताको आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपान्तरण गर्दै लैजाने तर्फ विशेष पहल गरिनेछ ।

५. शिक्षानै विकासको मूल आधार हो भन्ने मान्यताका साथ गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुको स्तरीकरण एवं रोजगार मूलक प्राविधिक शिक्षा प्रदान गर्ने तर्फ विशेष क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गरिनेछ ।

६. लिखु गाउँपालिकाको योजनावद्ध रुपमा  सबै क्षेत्रको सन्तुलित विकासका लागि पन्चबर्षीय विकास योजना र क्षेत्रगत विकास योजना  तर्जुमा गरी लागू गरिनेछ ।

७. महिला, आदिवासी जनजाती , दलित , विपन्न एवं अल्पसंख्यक समुदायको लागि व्यवसायिक तालिम मार्फत क्षमता विकास गरिने र प्राप्त ज्ञान सीपलाई व्यवसायीकरण गर्न उपकरण तथा विउँ पूँजीको समेत व्यवस्था गरिनेछ ।

८. खुला दिशामुक्त क्षेत्र, पूर्ण खोप सुनिश्चितता कार्यक्रम जस्ता मानव स्वास्थ्यसँग प्रत्येक्ष जोडिएका कार्यक्रमहरुलाई अभियानको रुप दिई प्रभावकारी रुपमा सन्चालन गरिनेछ । लिखु गाउँपालिका क्षेत्रभित्र रहेका स्वास्थ्यचौकी एवं स्वास्थ्य संस्थाहरुको स्तरोन्नती गरी आकस्मिक र अत्यावश्यक स्वास्थ्य सेवा सन्चालनको व्यवस्था मिलाईनेछ ।

९ जनतालाई जडिबुटी चिनाउने, विद्यार्थीलाई समेत स्थानीय जडिबुटीको बहुउपयोगी गुणका बारेमा प्रशिक्षित गरी आयुर्वेद एवं योग संस्कृतिको विकास एवं स्थानीय जडिबुटीको उपयोगमा विशेष जोड दिईनेछ ।

१०. भूकम्पबाट घर क्षति भएका परिवारलाई छिटो भन्दा छिटो घर निर्माण गर्नका लागि स्थानीय डकर्मीहरुलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिमको व्यवस्था गरिने छ। भूकम्प प्रभावित परिवारलाई राज्यबाट प्रदान गरिने सुविधा एवं अनुदान प्राप्त गर्न एवं सदुपयोग गर्ने क्रममा देखिएका समस्या समाधानको लागि विशेष कार्यटोली बनाई समस्या समाधान गरिनेछ ।

११. युवाहरुको चौतर्फी विकासका लागि गाउँपालिकास्तरीय खेलकूद तथा युवा लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१२. विकासको अभियानमा निजी, गैरसरकारी र सहकारी क्षेत्रलाइ सक्रिय बनाउन सहभागितामूलक योजना निर्माण र कार्यान्वयनको प्रणाली विकास गरिनेछ ।

१३. कृषि खेतीलाई व्यवसायीकरण, बजारीकरण र विस्तारीकरणको लागि आवश्यक पर्ने पूर्वाधारहरु सिंचाई, शितगृह, संकलन गृह र कृषि सञ्जालीकरणको व्यवस्था गरी कृषि क्षेत्रप्रति युवा पुस्ताको आकर्षण बढाउने तर्फ विशेष जोड दिईनेछ ।

१४. मुख्य सडकको दुईपट्टी वृक्षारोपण, विद्यालय उद्यान, सडक छेउछाउ वायो इन्जिनियरिङका माध्यमबाट वातावरण मैत्री विकासलाई प्रवर्द्धन गरिनेछ ।

१५ वैकल्पिक उर्जालाई प्रवर्द्धन गर्दै लगिनेछ । गाउँपालिका भित्रका मुख्य सडक एवं सहरोन्मुख क्षेत्रका बाटोहरुमा क्रमशः सोलार बत्ति जडान गर्ने गरी "उज्यालो सडक " कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गरिनेछ ।

१६. गाउँपालिका क्षेत्र भित्रका पुरातात्विक सम्पदाहरुको विकास र संरक्षणका लागि अन्तर सरकारी सहकार्यबाट समेत संरक्षणात्मक, प्रवर्धनात्मक र विकासात्मक कार्यहरु गरिनेछ ।

१७. जनउत्तरदायी स्थानीय सरकारको अनुभूती गराउन स्थानीय प्रशासनलाई स्वच्छ, सक्षम र व्यवसायिक बनाउँदै आर्थिक एवं वित्तिय अनुसासनलाई प्रवर्द्धन गरिनेछ ,

१८. गाउँपालिका क्षेत्रभित्र बैंक तथा वित्तिय संस्थाको विकास मार्फत जनतालाई नजिकबाट वित्तिय सेवा, लघु वित्त, लघु कर्जाको सुविधा मार्फत स्वरोजगार एवं पेशाको आधुनिकीकरण र व्यवसायिकरण गर्दै लगिनेछ ।

१९ भूमिको खण्डीकरण रोकी कृषि भूमीको चक्लाबन्दी गर्ने र शहरीकरणलाई व्यवस्थित गर्न गाउँपालिकामा व्यवस्थित सहरीकरण योजना (Town Planning) तर्जुमा र कार्यान्वयन गरिनेछ ।

२०. विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन स्थानीय आकस्मिक कोषको व्यवस्था, गाउँपालिकाको विपद् व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयनमा जोड दिई पूर्व सतर्कता र सजगता अपनाईने छ ।

२१. उपभोक्ताहरुको अधिकार र हीतलाई सम्मान गर्दै बजार अनुगमन तथा गुणस्तर परीक्षण मार्फत सुरक्षित उपभोगलाई सूनिश्चित गर्न पहल गरिनेछ ।

२२. प्राकृतिक श्रोत साधनको उपयोगलाई दीगो बनाउन संरक्षणात्मक कार्यलाई समेत सँगसगै सञ्चालन गर्नुपर्ने बाध्यात्मक कानूनी व्यवस्था गरी कार्यान्वयन गराइनेछ ।

२३. पशुपालन पंक्षी व्यवसायलाई आधुनिकीकरण र व्यवसायीकरण गर्दै लगिने छ ।

२४. सामुदायिक वनको संरक्षणका लागि स्थानीय सामुदायिक वन उपभोक्ता समितिहरुलाई नयाँ र ठोस कार्ययोजना बनाउन सहजीकरण गर्ने र बन जंगल एव जंगली जीवजन्तुको संरक्षणसम्बन्धी विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

२५. स-साना खानेपानी आयोजनाहरुलाई एकतृत गरी सामुदायिक खानेपानीका योजनाहरु तय गर्ने र घर घरमा धारो वितरण गर्न सक्ने गरी खानेपानी प्रणालीको पुनसंरचना गरिनेछ ।

२५. सिंचाई सम्बन्धी योजना तर्जुमा गर्दा पक्की संरचना गराउने गरीमात्र स्रोतको परिचालन गर्ने र लाभग्राहीको योगदानका आधारमा आयोजना सञ्चालन गरिनेछ ।

२६. फूटकर र टुक्रे योजनाहरुलाई निरुत्साहित गरी ठूलो र प्रभावयोग्य आयोजनाहरुलाई विशेष प्राथमिकता दिईनेछ ।

२७. लिखु गाउँपालिकाको विकासको खाका कोर्ने र विकास योजनाहरु तर्जुमा गर्ने, गुरु योजनाहरु बनाउने र योजनावद्ध विकासको लागि यो आर्थिक बर्ष प्रारम्भ विन्दु बन्ने कुरामा आशा एवं विश्वासका साथ सबै गाउँपालिका परिवार यसको कार्यान्वयनका लागि दृढका साथ लाग्ने  कुरामा विश्वस्त पार्न चाहन्छु ।

# लिखु गाउँ सभाको प्रथम बैठकमा २०७४ साल असार ३१ गते
# गाउँ कार्यपालिकाको तर्फबाट
# उपाध्यक्ष रोजिना राईले प्रस्तुत गर्नुभएको

# आर्थिक बर्ष २०७४/७५ को
# बजेट बक्तव्य

लिखु गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

नुवाकोट

२०७४

श्रीमान् अध्यक्ष महोदय,

आज सम्वत २०७४ साल असार ३१ गते म यस गाउँपालिकाको उपाध्यक्षको हैसियतले श्रीमान् गाउँ कार्यपाकिाको अध्यक्षज्यूको निर्देशन बमोजिम यस गरीमामय लिखु गाउँ सभाको पहिलो अधिवेशनमा गाउँपालिकाले आगामी आर्थिक बर्षको लागि तय गरेको राजश्व तथा व्ययको अनुमान प्रस्तुत गर्न उभिएकी छु । यस गौरवपूर्ण क्षणमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका खातिर जनसंघर्ष, जनयुद्ध लगायतका संघर्षहरुमा जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरुप्रति श्रद्धासुमन अर्पण गर्दछु र घाईतेहरु प्रति समेत सम्मान प्रकट गर्न चाहन्छु । लिखु गाउँपालिकाको स्थापनाको सिलसिलामा लिखु बासी जनताहरुबाट भएको संघर्ष र प्रयासको उच्च सम्मान गर्दै यस क्रममा घाईते हुनुभएका संघर्षशील नागरिकहरुप्रती समेत उच्च सम्मान व्यक्त गर्न चाहन्छु । स्थानीय तह निर्वाचन, २०७४ बाट विभिन्न पदमा निर्वाचित भई आउनुभएका पदाधिकारीज्यूहरुलाई बधाई तथा सफल कार्यकालको शुभकामना दिन चाहन्छु । हामी निर्वाचित पदाधिकारीहरुले यस लिखु गाउँपालिकामा पद बहाली गर्ने तयारीकै समयमा हामीले एउटा दुख भोग्नु परको थियो । हाम्रो यस लिखु गाउँपालिका वडा नं. १ का लागि वडा सदस्य पदमा निर्वाचित हुनुभएका वडा सदस्य ठाकुर प्रसाद लामिछानेको असामयिक निधन भएको थियो। उहाँको निधनले हाम्रो गाउँपालिका परिवारलाई अपुरणीय क्षती पुगेको छ । स्वर्गीय ठाकुर प्रसाद लामिछानेको दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धान्जली व्यक्त गर्न चाहन्छु ।

अव म लिखु गाउँपालिकाको चालू आर्थिक वर्षको आर्थिक गतिविधि तथा वजेट कार्यान्वयनको समिक्षा गर्ने अनुमति चाहन्छु ।

१. आर्थिक वर्ष २०७२।७३ मा स्थानीय तहहरुको स्थापना भई नसकेको परिप्रेक्षमा म चालू आर्थिक बर्ष २०७३।०७४ को यस गाउँपालिकाको कुल सरकारी खर्च रु. २ करोड ५१ लाख ४३ हजार हुने अनुमान गरिएकोमा चालु आ.व. को आषाढ मसान्त सम्मका लागि रु. १ करोड २२ लाख ७ हजार खर्च हुने संशोधित अनुमान छ । यसमा चालू खर्च तर्फ रु. ४० लाख ३८ हजार अर्थात कूल खर्चको ३४.१६ प्रतिशत, पूँजीगत खर्च तर्फ रु. ८१ लाख ६९ हजार अर्थात कूल खर्चको ६६.९२ प्रतिशत रहने संशोधित अनुमान छ । यसमा साविकमा कायम रहेका गाउँ विकास समितिबाट भएको खर्च समेत समावेश गरिएको छ ।

चालू आर्थिक वर्षमा राजश्व संकलन रु. ३ लाख ८८ हजार संकलन हुने अनुमान गरिएकोमा चालु आ.व. को आषाढ मसान्त सम्ममा रु. ३ लाख ४० हजार आन्तरिक राजश्व संकलन हुने संशोधित अनुमान छ । केन्द्रिय अनुदान तर्फ आ.व. २०७३।७४ मा रु. २ करोड ४७ लाख ५५ हजार प्राप्त भएकोमा आगामी आ.व. २०७४।७५ मा रु. १७ करोड ८८ लाख ३२ हजार प्राप्त हुने अनुमान छ ।

अब म चालू आर्थिक वर्षमा कार्यान्वयन भएका केही उल्लेखनीय कार्यहरु निम्न वमोजिम भएको व्यहोरा यहाँहरु समक्ष पेश गर्ने अनुमति चाहन्छु ।

२. स्थानीय तहको गठन र स्थानीय निर्वाचन, २०७४ ले लिखु गाउँपालिकामा जनप्रतिनिधीहरुको उपस्थिती गराएको छ । यसै क्रममा लिखु गाउँ कार्यपालिकाको कार्यालय र ६ वटा वडा कार्यालयहरु स्थापना भई सम्बन्धित वडा बाट नै सेवा प्रवाहको व्यवस्था गरिएको छ ।

३. साविकका गाउँ विकास समितिको गाउँ परिषद्बाट विनियोजन भएको बजेट सम्बन्धित विकास कार्यमा खर्च गरी भौतिक एवं आर्थिक प्रगती भएको छ ।

४. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत हालसम्मका जम्मै पेश्की रकम फछ्र्यौट गरीएको र चालू आर्थिक बर्षको सामाजिक सुरक्षाभत्ता रकम वितरण गरिसकिएको छ । आगामी आर्थिक बर्ष देखि बैंकि[a] प्रणालीबाट सबै सेवाग्राहीको बैंक खाता खोली सामाजिक सुरक्षा भत्ता वितरणलाई व्यवस्थित बनाउने तर्फ पहल भैरहेको छ ।

५. लिखु गउँपालिकाको वडा नं. ४ खुल्ला दिशामुक्त क्षेत्र घोषणा भईसकेको सबै वडालाई खुल्ला दिशामुक्त क्षेत्र घोषणा गर्ने व्यवस्था मिलाउने तर्फ पहल गरिएको छ ।

श्रीमान अध्यक्ष महोदय

६. उल्लिखित कार्य र प्रगती हुँदाहुँदै पनि लिखु गाउँपालिकाको विकासका लागि विभिन्न समस्या तथा चुनौतीहरु छन् । भौगोलिक, हावा पानी, सास्कृतिक एवं सामाजिक विशिष्टताका दृष्टिले विविधता युक्त यस गाउँपालिका विकासका दृष्टिले सबै बस्ती र समाज समान रुपमा उन्नत छैनन । समथर र उर्वर भूमि, आवागमनमा सहजता, निर्माणको दृष्टिले कम खर्चिलो र प्राकृतिक विपद्को दृष्टिले तुलनात्मक रुपमा कम जोखिमयुक्त भएकोले गाउँपालिकाको वडा नं. १ र २ को केही भूभाग , वडा नं. ४, र वडा नं. ५ मा विकासको अवस्था अन्य वडाको तुलनामा उन्नत देखिन्छ भने वडा नं. १ र २ को उत्तरी भाग, वडा नं. ३

र ६ भौतिक विकासको दृष्टिले केही पिछडिएको छ । लिखु गाउँपालिकाको समग्र विकासको सन्दर्भमा देखिएका समस्या तथा चुनौतीहरुलाई निम्नानुसार उल्लेख गरिएको छ ।

(क) संघीयता कार्यान्वयन

७. संघीय शासन पद्दती अनुरुप स्थापना भएका स्थानीय तहहरुमा संविधान र अन्य संघीय कानून तथा प्रदेश कानूनबाट निर्देशित भई थप कानून र प्रकृयाहरु निर्धारण हुने कार्य, विषयगत कार्यालयहरु स्थानीय तहमा हस्तान्तरण हुने कार्य र कर्मचारी समायोजन समेत समयमा हुन नसक्दा यसले लिखु गाउँपालिकाको बार्षिक कार्यक्रमको कार्यान्वयनमा समेत असर पार्ने देखिन्छ । तसर्थ संघीयताको मर्म अनुरुप अन्तर निकाय र सरकारका तहहरु बीच समन्वय गरी संघीय संरचना बमोजिम सबै निकायहरुको व्यवस्थापन गरी एकिकृत रुपमा विकास कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने कार्य चुनौती पूर्ण बनेको छ ।

(ख) श्रोत परिचालन

८. स्थानीय स्रोतबाट आम्दानी न्यून रहेको र विकास योजना तर्जुमा गर्दा कुन समुदायमा वा क्षेत्रमा कति बजेट लैजाने भन्ने होडबाजीका कारण साना साना टुक्रे आयोजनाहरु बनाउने र श्रोतलाई छरपष्ट पारिने प्रवृत्तिले समग्रमा अनुभव योग्य कुनै परीवर्तन नहुने समस्या रहेको छ । श्रोतलाई एकीकृत गरी ठूला एवं लाभयुक्त आयोजनाहरु तर्जुमा गरी नागरिकले प्रत्यक्ष अनुभव गर्नसक्ने विकास कार्यक्रम कार्यान्वयन गरी समाजमा रोजगारी सृजना र सामाजिक एवं आर्थिक विकासमा टेवा पु¥याउनु चुनौतीपूर्ण देखिन्छ ।

(ग) लाभग्राही बीचको विवाद निरुपण

९. सडक, पुल जस्ता भौतिक निर्माणमा जनतामा जग्गाको विषयमा विवाद हुने प्रवृत्तिले विकासका कार्यमा अवरोध पुगेको अवस्था छ । जनतामा चेतनास्तर कमजोर रहनुले पनि यो समस्यालाई अझ जटिल बनाएको छ । राजनीतिक अस्थिरता, राजनीतिक असमझदारिता र राजनीतिक अन्यौलताका कारण पनि विकासका कार्यहरु संचालनमा बाधा परिरहेको देखिन्छ । उपभोक्ता समिति मार्फत सञ्चालित आयोजनाहरुमा एक आयोजनाका लागि एक भन्दा वढी उपभोक्ता समिति गठन भई आउने प्रवृतिलाइ निरुत्साहित गर्न सकिएको

छैन । तसर्थ लाभग्राहीको चेतनास्तर वृद्धि गर्ने र विकासको लाभ सर्वसाधारणको पहुँचमा पु¥याउनु चुनौतीपूर्ण रहेको छ ।

(घ) दक्ष प्राविधिक कर्मचारीको व्यवस्थापन

१०. विकास आयोजना तर्जुमा, कार्यान्वयन, लागत अनुमान, डिजायनजस्ता कार्य गर्न दक्ष प्राविधिक कर्मचारीको अभाव रहेको हुँदा विकास निर्माण कार्य गुणस्तरीय हुन नसक्ने, समयमै निर्माण कार्य सम्पन्न नहुने जस्ता बाधा पर्न आएका छन । तसर्थ लिखु गाउँपालिका भित्र सञ्चालन हुने समग्र विकास कार्यक्रमको लागि प्राविधिक सेवा प्रवाह गर्न दक्ष प्राविधिक कर्मचारीहरुको व्यवस्थापन गर्नु पनि चुनौतीपूर्ण रहेको छ ।

(ङ) उपभोक्ता समितिहरुको क्षमता विकास

११. उपभोक्ता समितिबाट कार्यान्वयन हुने आयोजनाहरुको सन्दर्भमा उपभोक्ता समितिहरुको दक्षता र क्षमताको अभाव, राजनीतिकरणका कारण उपभोक्ता समितिहरु समयमा योजना सम्झौता गर्न नआउने आयोजनाहरु समयमै कार्यान्वयन नहुने र आ.व.को अन्त्यसम्म आयोजना संचालन गरी आषाढ २५ पछि समेत भुक्तानी लिन आउने प्रवृति, उपभोक्ता समितिमा बर्षौंदेखि एकै व्यक्तिको उपस्थिती ले अन्य उपभोक्ताहरुले अवसर नपाउने र सार्वजनिक परीक्षणको प्रावधानको उचित कार्यान्वयन नगर्ने प्रवृत्तिले आर्थिक अनुशासन कमजोर भई श्रोत दुरुपयोग हुने सम्भावना बढ्ने देखिन्छ । उपभोक्ता समितिको क्षमता विकास, सार्वजनिक परीक्षणलाई प्रभावकारी गराउँन पनि चुनौतीपूर्ण रहेको छ ।

(च) प्राकृतिक सम्पदा एवं नदीजन्य पदार्थको उचित व्यवस्थापन र संरक्षण

१२. गाउँपालिकाको मूल आम्दानीको स्रोतको रुपमा रहेको ढुËा, गिट्टी, बालुवा आदि नदीजन्य पदार्थको आय ठेक्का सञ्चालन गर्ने सम्बन्धमा नीतिगत एवं कानूनी अन्यौलताका कारण संघीय सरकारले जिल्ला समन्वय समितिलाई उक्त कार्य सुम्पेको र सो सम्बन्धमा गाउँपालिकाको भूमिका र लाभको हिस्सा स्पष्ट नभएको कारण अन्तरनिकाय द्वन्द श्रृजना हुने सम्भावना देखिन्छ । तसर्थ प्राकृतिक श्रोत तथा नदीजन्य

पदार्थको उचित व्यवस्थापन र राजश्व परिचालनको कार्यलाई स्थानीय तह स्वयंले व्यवस्थापन र संरक्षण गर्ने विषय चुनौती पूर्ण देखिएको छ ।

१३. आगामी आर्थिक वर्षका लागि वजेट तर्जुमा गर्दा देहाय बमोजिमका आधारहरु लिईएको छ ।

- नेपालको संविधानले परिलक्षित गरेका राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु,
- नेपाल सरकारको चालु तिन बर्षे योजनाले निर्धारण गरेका लक्ष्य रणनीति तथा प्राथमिकताहरु,
- दिगो विकास लक्ष्यहरु (Sustainable Development Goals) ले निर्धारण गरेका प्रमुख क्षेत्रहरु,
- स्थानीय तहको सेवा सन्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश, २०७४ ले गरेका व्यवस्थाहरु,
- स्थानीय तहको बार्षिक बजेतट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन, २०७४ ले गरेका व्यवस्थाहरु
- नेपाल सरकारका क्षेत्रगत नीतिहरु,
- नेपाल सरकार सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट समय समयमा प्राप्त मार्गदर्शन तथा निर्देशनहरु,
- राजनैतिक दलहरु, विषयगत कार्यालय, गै.स.स., नीजि क्षेत्र तथा नागरिक समाजबाट प्राप्त सुझावहरु,
- वस्ति स्तरीय भेला /वडा भेला, वडा समितिबाट प्राथमिकीकरण, राजश्व परामर्श समिति, विभिन्न क्षेत्रगत समितिहरु, बजेट तर्जुमा समिति हुँदै सहभागितामूलक र समावेशी योजना तर्जुमा प्रकृयाåरा प्राथमिकीकरण सहित प्राप्त भएका योजनाहरु,
- वडा कार्यालयबाट प्राप्त तथ्यांक एवं सूचनाहरु, आदि ।

श्रीमान अध्यक्ष महोदय,

अब म यस गाउँ सभा समक्ष प्रस्तुत वजेटका आधारभूत सोच निम्नानुसार रहेको जानकारी गराउन चाहन्छु ।

१४. पारदर्शी, जनसहभागितामूलक र जनउत्तरदायी विकास प्रशासन मार्फत आन्तरिक क्षमताको विकास गर्दै भौतिक पूर्वाधार, आर्थिक, सामाजिक र साँस्कृतिक क्षेत्रको विकास गरी समृद्ध र नमुना स्थानीय तहको रुपमा लिखु गाउँपालिकाको विकास गर्ने यस बजेटको आधारभूत सौँच रहेको छ ।

श्रीमान अध्यक्ष महोदय,

१५. उपरोक्त आधारभूत सौँच पुरा गर्न आगामी आर्थिक वर्षका लागि प्रस्तुत वजेटका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

क. संविधानको कार्यान्वयनमा नेपाल सरकारलाई सहयोग गर्ने ,

ख. नागरिकको क्षमता अभिवृद्धि मार्फत रोजगारीका अवसरहरु वृद्धि मार्फत आर्थिक समता कायम गर्ने,

ग. लिखु गाउँपालिकाको चौतर्फी विकासका लागि सरकारी श्रोत परिचालनलाई प्रभावकारी बनाउने,

घ. नागरिकलाई प्रदान गरिने सेवामा आम नागरिकको पहुँच विस्तार गर्ने,

ङ. विकासका हरेक क्रियाकलापमा नागरिकको सहभागितालाई सुनिश्चित गरी नागरिकको क्षमता विकास र श्रोतको महत्तम उपयोगलाई सूनिश्चित गर्ने ।

१६. उल्लेखित सोच र उद्देश्य अनुरुपको उपलद्धिध हासिल गर्न मैले वजेटमा निम्न प्राथमिकताहरु निर्धारण गरिएको छ ।

- भौतिक तथा आर्थिक पूर्वाधारको विकास,
- शिक्षा, स्वास्थ्य, खानेपानी, तथा सरसफाईमा लगानी वृद्धि गरी सामाजिक क्षेत्र विकास,
- कृषि क्षेत्रमा व्यवसायीकरण,
- रोजगारमूलक समावेशी आर्थिक विकास,
- सार्वजनिक सेवा प्रवाहमा सुधार र सुशासन
- वन, वातावरण र जलवायु परिवर्तन
- मानवअधिकार, एकल महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिको सशक्तिकरण ।

श्रीमान अध्यक्ष महोदय,

अव म यिनै उद्देश्य, चुनौती र प्राथमिकताका आधारमा लिखु गाउँपालिकाको आ.व २०७४।७५ को लागि तयार पारिएको बार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

१७.  आर्थिक बर्ष २०७४।०७५ मा लिखु गाउँपालिकाको चालू आर्थिक वर्षमा आन्तरिक राजश्व संकलन रु.३ लाख ४० हजार संकलन हुने संशोधित अनुमान रहेकोमा यस बजेटद्धारा प्रस्ताव गरिएको कर तथा राजश्व सम्बन्धी नीतिका कार्यान्वयबाट आगामी आ.व. को आषाढ मसान्त सम्ममा आन्तरिक राजश्व वृद्धि भई रु. ९ लाख ७२ हजार संकलन हुने, राजश्व बाँडफाटबाट कूल १५ लाख प्राप्त हुने, चालू आ.ब.मा खर्च नभई जम्मा १ करोड २९ लाख ३६ हजार मौज्दात रहने र नेपाल सरकारबाट जम्मा १७ करोड ८८ लाख ३२ हजार वित्तिय हस्तान्तरण मार्फत प्राप्त भई कूल १९ करोड ७८ लाख ४० हजार राजस्व प्राप्त हुने अनुमान गरिएको छ ।

१८.  यस मध्ये स्थानीय तहको कार्यान्वयनका लागि हस्तान्तरण भई आउने सरकारी कार्यालयहरु र कर्मचारीहरुको व्यवस्थापन , लिखु गाउँपालिका, गाउँ कार्यपालिका, गाउँसभा र गाउँ पालिका अन्तरगतका निकायहरुको कार्यालय सञ्चालन तथा कर्मचारीहरुको तलब र सुविधा लगाएतका खर्च व्यवस्थापनको लागि कूल रु. ९ करोड २२ लाख ५७ हजार (कूल व्ययको ४६.६३ प्रतिशत) चालू खर्च र विभिन्न विकास निर्माण सम्बन्धी कार्यको लागि कूल रु. १० करोड ५५ लाख ८३ हजार (कूल व्ययको ५३.३६ प्रतिशत) पूजीगत तर्फ विनियोजन गरिएको छ । अब म यस बजेटले गरेका प्रमुख व्यवस्थाहरुको संक्षिप्त विवरण पेश गर्न चाहन्छु ।

## संघियता कार्यान्वयन र स्थानीय तहको सशक्तिकरण

१९.  लिखु गाउँपालिका तथा वडा कार्यालयहरु, संघीय सरकारद्धारा स्थानीय तहमा हस्तान्तरण भई आउने कार्यालयहरु तथा कार्यक्रमहरुबाट हुने सेवा प्रवाहमा बाधा नपर्ने गरी उचित व्यवस्थापन गर्ने व्यवस्था मिलाईएको छ । सूचना प्रविधिमा आधारित व्यक्तिगत घटना दर्ता, कर्मचारीहरुको व्यक्तिगत विवरण लगाएत सरकारी निकायहरुबाट प्रवाह हुने सूचनामा नागरिकको पहुँच विस्तार गर्न सूचना प्रविधिको प्रयोग गर्ने र कार्यालयको तथ्यांकहरु डिजिटल भण्डारण गर्ने व्यवस्था मिलाईएको छ । यसका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ ।

२०.  संघीय सरकारबाट हस्तान्तरण भई आउने निकाय एवं कर्मचारीको व्यवस्थापन, कार्यालयका आवश्यक सामग्रीहरुको व्यवस्थापन हुने र गाउँपालिकाबाट नै नागरिकलाई सेवा प्रवाह गरी “गाउँमा नै सिंहदरबारको अनुभव गराउने” नेपाल सरकारको उदघोष् लाई सफल बनाउन आवश्यक व्यवस्था मिलाईएको छ । यसका लागि समेत उचित बजेटको व्यवस्था गरिएको छ ।

२१.   **संघीय व्यवस्था अनुकुल संगठन तथा कर्मचारीको क्षमता विकास गर्नुपर्ने हुन्छ । सबै कर्मचारीलाई आधुनिक प्रविधिमैत्री बनाई सेवा प्रवाहमा प्रभावकारीता ल्याउनका लागि कर्मचारीको तालिमको व्यवस्था मिलाईएको छ ।**

२२.   **"एक वडा एक मुल सडक" को अवधारणा अनुरुप सडक निर्माणमा ठूला लगानीहरुलाई प्राथमिकता दिदै सडकलाई स्तरोन्नती गर्ने प्रयास स्वरुप यस बर्ष लिखु गाउँपालिकाको ढिकुरे बजार देखि वगर बजार माझिपानी धमला गाउँ फँलाटे सडक स्तरोन्तीको लागि रु. ३६ लाख रकम विनियोजन गरिएको छ । साथै लिखु गाउँपालिका क्षेत्रका बस्ती बस्तीलाई सडक सञ्जालले जोड्ने ध्येयका साथ सडक निर्माण तथा स्तरोन्नतीको लागि प्राथमिकता तोकी कूल रु. २ करोड ३३ लाख ६० हजार रकम विनियोजन गरिएको छ ।**

२३.   **लिखु गाउँपालिका कृषि उत्पादनको लागि सम्भावना भएको गाउँपाकिा भएकोले कृषि उत्पादन वृद्धि गर्न सिंचाई सुविधाको लागि सिंचाई कुलो निर्माणलाई प्राथमिकतामा राखिएकोा छ । यसका लागि प्रयाप्त बजेट विनियोजन गरिएको छ ।**

२४.   **लिखु गाउँपालिकाको शिक्षा क्षेत्रमा व्यापक सुधार गर्न विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तरगत विभिन्न योजनाहरु तर्जुमा गरिएको छ । यसका लागि कूल रु. ७३ लाख २७ हजार विनियोजन गरिएको छ । साथै विद्यालयको भौतिक संरचना विकासका लागि समेत थप बजेटको व्यवस्था गरिएको छ ।**

२५.   **लिखु गाउँपालिकामा प्राविधिक शिक्षा दिने विद्यालय वा कलेज सञ्चालनमा रहेको छैन । स्थानीय अवसर र आवश्यकतालाई हेरी एक प्राविधिक कलेजको स्थापना र संचालन को लागि बहुबर्षिय योजना तर्जुमा गरी कार्य अघि बढाइने छ । यसका लागि यो बर्ष रु. ३० लाख विनियोजन गरिएको छ ।**

२६.   **२०७२ सालको विनाशकारी भूकम्पको पिडा हामीले अझै पनि भुलेका छैनौं । हजारौ परिवारहरु अझै पनि टहरोमा कष्टपूर्ण जीवन यापन गरीरहेका छन । लिखु गाउँपालिकामा निजी घर निर्माणका लागि राष्ट्रिय पून्निर्माण प्राधिकरण सँग समन्वय गरी भूकम्प पिडित परिवारको समस्या समाधानको लागि गाउँपालिकाको अध्यक्ष वा उपाध्यक्षको संयोजकत्वमा एक कार्यदल गठन गरी समस्या समाधान गर्ने व्यवस्था मिलाईनेछ । साथै यस्ता प्राकृतिक विपदहरुमा तत्काल उद्दार र राहत गर्नुपर्ने चुनौती हुन्छ । यसका लागि लिखु गाउँपालिकामा स्थानीय आकस्मिक कोषको स्थापना गरी विपद व्यवस्थापनको पूर्व तयारी गर्ने प्रयास स्वरुप स्थानीय आकस्मिक कोष स्थापनाका लागि यो बर्ष रु. १० लाखको विनियोजन गरिएको छ ।**

२७. लिखु गाउँपालिकामा स्वच्छ खानेपानीको समस्या अझै पनि विकराल रहेको छ । लिखु गाउँपालिकासम्म खानेपानी सेवा दिने गरेर संघीय कार्यक्रममार्फत ठूला खानेपानीका आयोजनाहरु निर्माण हुने चरणमा रहे पनि तत्कालको आवश्यकतालाई पुरा गर्न  ग्रामिण खानेपानीको प्रणालीलाई सुधार गरी सबै जनतालाई खानेपानी उपलद्बध गराउने प्रयास गरिएको छ । यसका लागि समेत उचित बजेटको व्यवस्था गरिएको छ ।

२८. महिला,  आदिवासी तथा जनजाती, अल्पसंख्यक र फरक क्षमता भएका नागरिकहरुको सशक्तिकरण र जिवन निर्वाहका लागि सीपमूलक तालिम  र व्यवसायको लागि बिउ पूँजी सहितको विशेष कार्यक्रमहरु तर्जुमा गरिएको छ ।

२९. गाउँपालिकाको कार्यालय, वडा कार्यालय एवं संघीय सरकारबाट हस्तान्तरण भई आउने कार्यालयहरुको कार्यालय भवनका लागि यस बर्ष जग्गा प्राप्ती र विकास गरिने व्यवस्था मिलाईएको छ ।

३०. अवको विकास वातावरण मैत्री विकास हुनु पर्दछ । बढ्दै गईरहेको प्रदुषणलाई व्यवस्थापन गर्न  "हरित सडक (Green Road)" को अवधारणा अनुरुप लिखु गाउँपालिका भित्रका ठूला र मुख्य सडकको दुवै तर्फ विरुवा रोप्ने कार्यक्रम तर्जुमा गरिएको छ ।

३१. लिखु गाउँपालिकालाई खुला दिशा मुक्त गाउँपालिका घोषणा, पूर्ण खोप गाउँपालिका घोषणाको लागि आवश्यक कार्यक्रमहरु तर्जुमा गरिएको छ ।

श्रीमान अध्यक्ष महोदय,

उपरोक्त कार्यक्रमका अतिरिक्त लिखु गाउँपालिकाका विकासका आवश्यकतालाई पूर्ती गर्न विभिन्न विकासका योजनाहरु तर्जुमा गरी लागू गरिएको छ । उपरोक्त कार्यक्रमहरु सञ्चालनको लागि संघीय सरकारबाट प्राप्त वित्तिय अनुदान मात्र प्रयाप्त हुँदैन । गाउँपालिकाले पनि आफ्नो आन्तरिक श्रोतको परिचालन गर्नुपर्ने हुन्छ । यसका लागि राजश्व प्रणालीमा व्यापक सुधार गर्ने प्रयास गरिएको छ । राजश्व प्रणालीमा गरिएका सुधारहरुको विवरण प्रस्तुत गर्न चाहन्छु ।

३२. परम्परागत मालपोत कर तथा घरजग्गा कर लाई विस्थापित गरी बैज्ञानिक एकीकृत सम्पत्ति कर लागू गर्न प्रस्ताव गरिएको छ । गरिब तथा किसानले कम कर  र धनी व्यक्तिले बढी कर तिर्ने गरी एकीकृत सम्पत्ति करमार्फत आन्तरिक राजश्व परिचालनलाई सुदृढीकरण गर्ने व्यवस्था मिलाईएको छ ।

३३.  लिखु गाउँपालिका क्षेत्र भित्र दर्ता भई सञ्चालनमा आएका व्यवसाय हरुलाई आवश्यक सहयोग गरी व्यवसायिक करको माध्यमबाट व्यवस्थित र नियमन गर्दै लगिनेछ । यसका लागि विभिन्न व्यवसायमा भिन्ना भिन्नै दरको व्यवसाय करको प्रस्ताव गरिएको छ ।

३४.  गाउँपालिका क्षेत्र भित्र विगतमा साविकका गाउँ विकास समितिहरुबाट गरिने सिफारिश तथा प्रमाणीकरण मा भिन्ना भिन्नै दरमा शूल्क उठाउने गरिएकोमा त्यसलाई सुधार गरी सबै वडा कार्यालयबाट एकै दरमा शूल्क उठाउने व्यवस्था मिलाईएको छ ।

३५.  गाउँपालिकाबाट लिईने कर तथा गैर कर राजश्वका दरहरु निर्धारण गर्दा करदाताले कर तिर्न सक्ने क्षमता, उपयुक्तता, करको असुली जस्ता विषयलाई ध्यान दिइएको छ ।

श्रीमान अध्यक्ष महोदय,

यस गरिमामय गाउँ सभामा उपरोक्त अनुसारको लिखु गाउँपालिकाको बार्षिक नीति तथा कार्यक्रम, अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक र विनियोजन विधेयक, २०७४ लाई यस सभाबाट सर्वसम्मत पारित गरियोस् भन्ने प्रस्ताव गर्दछु । अन्त्यमा, लिखु गाउँपालिकाको प्रथम बार्षिक नीति तथा कार्यक्रम, एवं आर्थिक बर्ष २०७४।७५ को बार्षिक कार्यक्रम तथा बजेट यस गरीमामय गाउँसभामा प्रस्तुत गर्ने जिम्मेवारी प्रदान गर्नुभएकोमा गाउँपालिका अध्यक्षज्यू एवं गाउँ कार्यपालिका प्रति धन्यवाद दिदै यस कार्यक्रममा पाल्नु भई कार्यक्रमको शोभा बढाईदिनुहुने विशिष्ट अतिथी एवं अतिथि गणमा धन्यवाद दिदै विदा हुन चाहन्छु । धन्यवाद , नमस्का